सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

(२०८३ वैशाख १ गतेदेखि असार मसान्तसम्म)

# स्वतः प्रकाशन

*Proactive Disclosure*



## नेपाल सरकार
## गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय,बागलुङ

# विषय सूची


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृति | १ |
| २ | जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार | १ |
| ३ | जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवा | २ |
| ४ | जिल्ला प्रशासन कार्यालय, बागलुङमा रहेका कर्मचारी संख्या र कार्य विवरण | ३ |
| ५ | जिल्ला प्रशासन कार्यालय, बागलुङमा रहेका शाखा र जिम्मेवार अधिकारी | ८ |
| ६ | सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि | ८ |
| ७ | निर्णय गर्ने प्रक्रिया र अधिकारी | १० |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ११ |
| ९ | सम्पादन गरेका मुख्य मुख्य कामको विवरण | ११ |
| १० | कार्यालय प्रमुख सूचना अधिकारीको नाम र पद | १५ |
| ११ | ऐन, नियम, विनियम वा निर्देशिकाहरुको सूची | १५ |
| १२ | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | १६ |
| १३ | अन्य विवरणहरु | १६ |
| १४ | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण | १६ |
| १५ | जिल्ला प्रशासन कार्यालयको वेभसाइट सम्बन्धी विवरण | १६ |
| १६ | सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता समबन्धी विवरण | १७ |
| १७ | सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन | १७ |
| १८ | सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी | १७ |
| १९ | सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषय | १७ |
| २० | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण | १७ |


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

कृष्ण प्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावलीको नियम (३) बमोजिम सार्वजनिक गरिएको विवरण (Proactive Disclosure)

### १. जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृति

जिल्लाको शान्ति सुव्यवस्था र सुरक्षा कायम गर्ने गरी स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम वि.सं. २०२८ सालमा जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो। यस जिल्लामा बुर्तिवाङमा इलाका प्रशासन कार्यालय समेत रहेको छ।

जिल्लामा शान्ति, सुरक्षा, सुव्यवस्था तथा सुशासन कायम गर्ने, अपराध नियन्त्रण गर्ने, तीन तहकै सरकार अन्तर्गतका निकायबाट सञ्चालन हुने विकास निर्माण तथा सेवा प्रवाहको प्रभावकारिताको लागि सहयोग, समन्वय तथा सहजीकरण गर्ने, विपद् व्यवस्थापनमा समन्वय गर्ने, तोकिएका विषयको सेवा प्रवाह गर्ने, संघ, प्रदेश र स्थानीय सरकार वीच समन्वय र सहकार्य गर्ने।

### २. जिल्ला प्रशासन कार्यालय, बागलुङको काम, कर्तव्य र अधिकार

- जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्ने सम्बन्धी कार्य,
- स्थानीय प्रशासन सञ्चालन सम्बन्धी कार्य,
- नेपाली नागरिकता प्रमाणपत्र/नाबालक परिचयपत्र वितरण सम्बन्धी कार्य,
- राहदानी सेवा प्रदान सम्बन्धी कार्य,
- आदिवासी जनजाति, दलित, अपांगताको सिफारिस सम्बन्धी कार्य,
- हातहतियार ईजाजत तथा नवीकरण सम्बन्धी कार्य,
- संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्य,
- विपद् व्यवस्थापन सम्बन्धी कार्य,
- अख्तियार दुरुपयोग अनुसन्धान सम्बन्धी कार्य,
- सुशासन/सार्वजनिक सेवाप्रवाह सम्बन्धी कार्य,
- सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन सम्बन्धी कार्य,
- लागू औषध नियन्त्रण तथा अवैध घरेलु मदिरा नियन्त्रण सम्बन्धी कार्य,
- सरकारी कार्यालयहरुको अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य,
- बाल कल्याण तथा बाल अधिकार सम्बन्धी कार्य,
- भ्रष्टाचार नियन्त्रण सम्बन्धी कार्य,
- विस्फोटक पदार्थ सिफारिस र नियमन सम्बन्धी कार्य,
- विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन सम्बन्धी कार्य,
- कल्याण धन र बेवारिसे धनको व्यवस्थापन सम्बन्धी कार्य,
- चिठ्ठा, जुवा आदिको नियन्त्रण सम्बन्धी कार्य,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण सम्बन्धी कार्य,
- जिल्लास्तरमा सार्वजनिक उत्सव सञ्चालन सम्बन्धी कार्य,
- मुआब्जा निर्धारण तथा वितरण सम्बन्धी कार्य,



कृष्ण प्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी

- पुरस्कार तथा सजाँय सम्बन्धी कारवाही र सिफारिस सम्बन्धी कार्य,
- जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार तथा मर्मत सम्बन्धी कार्य,
- जिल्ला स्थित कारागारको अनुगमन, नियमन र नियन्त्रण सम्बन्धी कार्य,
- स्थानीय तहसँगको समन्वयमा जिल्ला भित्र बजार अनुगमन, नियमन तथा नियन्त्रण, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन सम्बन्धी कार्य,
- द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण सम्बन्धी कार्य,
- जिल्लास्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन र प्रयोग सम्बन्धी कार्य,
- राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना सङ्कलन र विश्लेषण सम्बन्धी कार्य,
- विकास निर्माण कार्यमा सहयोग तथा समन्वय सम्बन्धी कार्य,
- कानून बमोजिम तोकिए अनुसार विभिन्न मुद्दाको सुरु कारवाही र किनारा गर्ने सम्बन्धी कार्य,
- हिंस्रक जन्तु मार्ने सम्बन्धी कार्य,
- सरकारी वा सार्वजनिक जग्गामा घर बनाएमा रोक्का गर्ने र भत्काउने सम्बन्धी कार्य,
- निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन सम्बन्धी कार्य,
- नेपाल सरकार र गृह मन्त्रालयबाट निर्देशित अन्य कार्यहरु।

## ३. जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

**प्रशासन सम्बन्धी सेवाः**

- नाम, थर वा उमेर आदि प्रमाणित।
- पेन्सन र रहलपहल सम्बन्धी सिफारिस।
- दलित, आदिवासी जनजाति, अपांगता प्रमाणित।
- पारिवारिक विवरण प्रमाणित।
- नाता प्रमाणित।
- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन।
- सरकारी/सार्वजनिक सम्पत्ति संरक्षण।
- नाबालक प्रमाणपत्र वितरण।

**नागरिकता सम्बन्धी सेवाः**

- वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण।
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण।
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण।
- नाम थर जन्म मिति संशोधन।

**राहदानी सम्बन्धी सेवाः**

- राहदानीको लागि आवेदन गर्ने आवेदकको Live Enrollment गर्ने,
- राहदानी आवेदकबाट नियमानुसार राजस्व बुझाएको भौचर बुझ्ने,



कृष्ण प्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी

- विभागबाट तयार भई आएका राहदानीहरु सुरक्षित रुपमा राखी सम्बन्धित व्यक्तिलाई वितरण गर्ने,

मुद्दा, संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवाः

- मुलुकी अपराध संहिता, २०७४ तथा अन्य विषयगत ऐन अनुसार प्राप्त अधिकार बमोजिम मुद्द शुरु कार्वाही र किनारा गर्ने।
- गुनासो वा ठाडो उजुरी।
- पत्रपत्रिका दर्ता।
- छापाखाना दर्ता।
- संस्था दर्ता।
- संस्था नवीकरण।
- संस्थाको विधान संशोधन।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

हातहतियार इजाजत तथा नवीकरण सम्बन्धी सेवाः

- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण।

विपद् व्यवस्थापन सम्बन्धी सेवाः

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सञ्चालन तथा व्यवस्थापन।
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्ययोजना निर्माण।
- विपद् क्षति विवरण संकलन ।
- विपद्बाट पीडित भएकाहरुलाई क्षतिपूर्ति एवम् राहत वितरण तथा पुनःस्थापना।

अख्तियार दुरुपयोग अनुसन्धान सम्बन्धी सेवाः

अख्तियार दुरुपयोग सम्बन्धी उजूरी एवम् निवेदनहरु उपर प्रारम्भिक छानबिन।

जिल्ला प्रशासन कार्यालयबाट वितरण हुने सेवा, आवश्यक कागजात तथा प्रक्रिया सहितको विवरण जिल्ला प्रशासन कार्यालयको वेब साईट *(https://daobaglung.moha.gov.np/post/ citizenchater-with-room-number)* मा राखिएको छ।

४. जिल्ला प्रशासन कार्यालय, बागलुङमा रहेका कर्मचारी संख्या र कार्य विवरण

४.१ स्वीकृत दरबन्दी तथा पदपूर्तिको विवरण

| सि.नं. | पद | दरवन्दी संख्या | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी (रा.प.प्र.) | १ | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी (रा.प.द्वि.) | १ | १ | |
| ३ | प्रशासकीय अधिकृत/सप्रजिअ (रा.प.तृ.) | २ | २ | |
| ४ | नायव सुव्वा (रा.प.अनं.प्र.) | ७ | ७ | |



कृष्णप्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ५ | लेखापाल (रा.प.अनं.प्र.) | १ | १ | |
| ६ | कम्प्युटर अपरेटर (रा.प.अनं.प्र.) | २ | २ | |
| ७ | खरिदार (रा.प.अनं.द्वि.) | ४ | ४ | |
| ८ | हलुका सवारी चालक | २ | २ | |
| ९ | कार्यालय सहयोगी | ७ | ६ | |
| | जम्मा | २७ | २६ | |

४.२ जिल्ला प्रशासन कार्यालय, बागलुङमा कार्यरत कर्मचारीहरु

| क्र.सं. | नामथर | पद | स्थायी ठेगाना | मोबाइल नं. | कोठा नं. |
|---|---|---|---|---|---|
| १ | कृष्णप्रसाद आचार्य | प्र.जि.अ. | दुल्लु न.पा. ८, दैलेख | ९८५७६०७७७७ | २०१ |
| २ | नवराज बराल | स.प्र.जि.अ. | पोखरा म.न.पा.२२, कास्की | ९८५७६३४४४४ | २०३ |
| ३ | खिम बहादुर वि.क. | प्र.अ. | काठेखोला गा.पा.३, बागलुङ | ९८५७६२१८८४ | १०४ |
| ४ | नारायण कार्की | प्र.अ. | बागलुङ न.पा. ३, बागलुङ | ९८५६०६३०९७ | १०६ |
| ५ | तेजराज गौतम | ना.सु. | बागलुङ न.पा. ३, बागलुङ | ९८५७६२३३५१ | २०६ |
| ६ | राम प्रसाद उपाध्याय | ना.सु. | बागलुङ न.पा. १, बागलुङ | ९८५७६२७७९५ | १०९ |
| ७ | युगराज शर्मा | ना.सु. | बागलुङ न.पा. १३, बागलुङ | ९८५७६४४९४४ | १०८ |
| ८ | नन्दराम गौतम | क.अ. | गलकोट न.पा.९, बागलुङ | ९८४७६५४३१५ | १०८ |
| ९ | लक्ष्मण पौडेल | ना.सु. | बागलुङ न.पा.९, बागलुङ | ९८५७६३६९१४ | २०४ |
| १० | गोविन्द रिजाल | ना.सु. | कुश्मा न.पा.१, पर्वत | ९७५७६२१२५८ | १०१ |
| ११ | दिपक राज पन्त | ना.सु. | बागलुङ न.पा.३, बागलुङ | ९८४७६२४७११ | १११ |
| १२ | विमल श्रीस | लेखापाल | गलकोट न.पा.-११, बागलुङ | ९८५४०४५२२० | २०५ |
| १३ | कपिल घर्ती मगर | क.अ. | ताराखोला-२, बागलुङ | ९८४७७३५९२७ | १०२ |
| १४ | सिता पन्त | क.अ. | बागलुङ न.पा. १२ बागलुङ | ९८६७०६७२०४ | १०२ |
| १५ | सुमन पराजुली | क.अ. | विहादी गापा ३ पर्वत | ९८६४२१३९८० | १०३ |
| १६ | मिलन थापा | खरिदार | बागलुङ न.पा.११, बागलुङ | ९८६७७७३४६१ | २०२ |
| १७ | हर्ष बहादुर पुन | खरिदार | काठेखोला गा.पा.८, बागलुङ | ९८५१०७८५६९ | १११ |
| १८ | शस बहादुर छन्त्याल | खरिदार | जैमिनी न.पा.३, बागलुङ | ९८४७७४०५०६ | १०९ |
| १९ | सन्तोष गौतम | खरिदार | बागलुङ न.पा. ७, बागलुङ | ९८५७६५५८६० | १०८ |
| २० | अर्जुन ढकाल | स.चा. | बागलुङ न.पा. १, बागलुङ | ९८५७६२१३१३ | २०३ |
| २१ | कृष्ण बहादुर थापा | स.चा. | बागलुङ न.पा.९, बागलुङ | ९८४६८२२२०३ | २०१ |
| २२ | प्रेमराज रिजाल | का.स. | बागलुङ न.पा. १०, बागलुङ | ९८४७७५५४८३ | २०३ |



कृष्ण प्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | नामथर | पद | स्थायी ठेगाना | मोबाइल नं. | कोठा नं. |
|---|---|---|---|---|---|
| २३ | चक्रपाणी उपाध्याय | का.स. | जलजला गा.पा.७ पर्वत | ९८४७६७६३६६ | २०१ |
| २४ | शिव श्रेष्ठ | का.स. | बागलुङ न.पा. ३, बागलुङ | ९८६७८४९६२२ | १०९ |
| २५ | सुमित्रा शर्मा | का.स. | बागलुङ न.पा.११, बागलुङ | ९८६९३३१७७२ | २०२ |
| २६ | शुभद्रा शर्मा | का.स. | बागलुङ न.पा.६, बागलुङ | ९८४७६४३४१६ | १०१ |
| २७ | सिवानी सार्की | का.स. | बागलुङ न.पा.५, बागलुङ | ९८६१२३१६३२ | १०२ |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय बागलुङ

## ४.३ शाखागत कार्यविवरण

### १. स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा (कोठा नं. २०६)

- पत्राचार सम्बन्धी कार्य,
- नाम, थर वा उमेर आदि प्रमाणित,
- भुतपूर्व सैनिक एवम् निजको परिवारको पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्बन्धी सिफारिस,
- दलित, आदिवासी, जनजाती, मुस्लिम, विपन्न खस आर्य सिफारिस,
- पारिवारिक विवरण प्रमाणित,
- शरणार्थी सम्बन्धी कार्य (परिचयपत्र नविकरण, यात्रा अनुमति सिफारिस),
- गुनासो तथा ठाडो उजुरी,
- हातहतियार इजाजत पत्र नविकरण तथा नामसारी,
- द्रुत सेवाका लागि अभिलेख प्रमाणिकरण (नाबालकको हकमा मात्र),
- मानव रहित हवाई उपकरण (RPA/Drone) उडान अनुमति,
- विविध प्रशासनिक कार्य।

### २. नागरिकता तथा प्रतिलिपि शाखा

#### क) नयाँ नागरिकता (कोठा नं. १०८)

- वंशजका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी
  - वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र
  - जन्मको आधारमा नेपालको नागरिकता प्रमाणपत्र लिएका नागरिकहरुका सन्तानलाई नेपाली नागरिकताको प्रमाणपत्र जारी
  - नेपालको नागरिक आमाबाट जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको, बाबुको पहिचान हुन नसकेको व्यक्तिहरुको हकमा नेपाली नागरिकता प्रमाणपत्र जारी
  - पहिचान सहितको नेपाली नागरिकताको प्रमाणपत्र जारी
- बैबाहिक अंगिकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी
- नेपाली नागरिकता रद्द/परित्याग सम्बन्धी
- गैर आवासिय नेपाली नागरिकताको प्रमाणपत्र सम्बन्धी कार्य
- अंगिकृत नेपाली नागरिकताको प्रमाणपत्रका लागि गृह मन्त्रालयमा सिफारिस।



कृष्ण प्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी

ख) प्रतिलिपि नागरिकता (कोठा नं. १०९)

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी जारी
- नेपाली नागरिकता प्रमाणपत्र तथा CCIMS मा नाम, थर, जन्ममिति लगायतका विवरण संशोधन
- निर्णयानुसार पति, पत्निको नाम, थर, वतन थप/घट गरी नेपाली नागरिकताको प्रमाणपत्र तथा प्रतिलिपी जारी।
- अभिलेख/CCIMS सँग सम्बन्धित कार्यहरु।
- नागरिकता गुनासो दर्ता प्रणाली (CCRS) सञ्चालन
- नागरिकता सम्बन्धी फैसला कार्यान्वयन।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

३. राहदानी शाखा (कोठा नं. १११)

- विद्युतीय राहदानीको फारम प्रमाणीकरण
- विद्युतीय राहदानीका लागि Biometric संकलन
- राहदानी विभागबाट प्राप्त राहदानी वितरण
- राहदानीसँग सम्बन्धित अन्य कार्य गर्ने।

४. आर्थिक प्रशासन शाखा (कोठा नं. २०५)

- गृह मन्त्रालय वा अन्य मन्त्रालयबाट प्राप्त अख्तियारी आम्दानी बाँध्ने,
- विभिन्न खर्च शीर्षकहरुमा खर्च गर्नका लागि गोश्वारा भौचार तयार गर्ने,
- गोश्वारा भौचर अनुसार भुक्तानी आदेश तयार गरी स्वीकृतिका लागि पेश गर्ने,
- स्वीकृत भुक्तानी आदेश कोष तथा लेखा नियन्त्रक कार्यालय पठाई निकासा लिने र खर्च गर्ने,
- राजस्व रकम दैनिक रुपमा राजस्व खातामा जम्मा गर्ने, फाँटवारी तयार गरी प्रतिवेदन गर्ने,
- कार्यालयमा प्राप्त हुन आएको धरौटी रकम धरौटी खातामा जम्मा गर्ने, नियमानुसार फिर्ता गर्ने, सदर स्याहा गर्ने र फाँटवारी तयार गरी प्रतिवेदन गर्ने,
- विभिन्न शीर्षकमा ख-६ खातामा जम्मा भएको रकम सोही अनुरुप खर्च गरी लेखाङ्कन गर्ने, फाँटवारी तयार गरी प्रतिवेदन गर्ने,
- मासिक प्रतिवेदन तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालय र तालुक मन्त्रालयमा पठाउने,
- आर्थिक प्रशासनसँग सम्बन्धित श्रेस्ता सुरक्षित राख्ने,
- कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आ.ले.प.गराउने र म.ले.नि.का.बाट खटिई आएको टोलीसमक्ष ले.प.गराउने,
- आ.ले.प्र. र म.ले.प.बाट बेरुजु देखिन आएमा संपरीक्षण गराउने र फछ्यौंट गराउने।



कृष्ण प्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी

५. जिन्सी शाखा (कोठा नं. २०७)

- कार्यालयमा आवश्यक पर्ने सामानहरुको खरिद आदेश स्वीकृत गराई खरिद गर्ने,
- खरिद भएका सामानहरुको बिल संलग्न राखी दाखिला रिपोर्ट बनाई जिन्सी खातामा आम्दानी बाँध्ने,
- कार्यालयमा रहेका प्रयोगमा ल्याउन नसकिने पुराना र जीर्ण जिन्सी सामानहरुको लगत तयार गरी लिलाम सम्बन्धी कार्य गर्ने,
- जिन्सी निरीक्षण गराउने,
- जिन्सी सामानहरु भण्डारणमा सुरक्षितसाथ राख्ने,
- कार्यालयका प्रत्येक कोठामा बिन कार्ड (BIN Card) तयार गरी राख्ने।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय बागलुङ

६. मुद्दा शाखा (कोठा नं. २०४)

- मुद्दा सम्बन्धी कार्यः अनुसन्धान, अभियोजन तथा फैसला कार्यान्वयन सम्बन्धी कार्य,
- संस्था दर्ता ऐन, २०३४ बमोजिम संघ संस्था दर्ता, नविकरण, विधान संशोधन तथा अनुगमन,
- संस्थाको शाखा खोल्ने/कार्यक्रम सञ्चालन गर्ने अनुमति प्रदान,
- संघसंस्था दर्ता,
- पत्रिकाको स्थायी तथा अस्थायी अनुमती,
- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन,
- क्षतिपूर्ति दिलाई भराईदिने सम्बन्धी कार्यहरु,
- विपद् व्यवस्थापन सम्बन्धी कार्यहरु,
- नाबालक परिचयपत्र सम्बन्धी कार्यहरु,
- वैदेशिक रोजगारसँग सम्बन्धित उजुरी सम्बन्धी कार्य (सुरक्षित आप्रवासन श्रोत केन्द्र (SAMI) सँग समन्वय गरी गर्ने।

७. सहायता/सोधपूछ कक्ष (कोठा नं. १०१) एवं **Front Desk**

- जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवाको विवरण तयार पार्ने,
- सेवाग्राहीलाई सेवाप्रवाहको सम्बन्धमा सल्लाह एवम् परामर्श प्रदान गर्ने, निरक्षर सेवाग्राहीलाई निवेदन लेख्ने फारम भर्ने लगायतको काममा सहयोग गर्ने,
- अशक्त, वृद्ध एवम् शारीरिक रुपमा फरक क्षमता भएका सेवाग्राहीलाई सरल, सहज र शीघ्र सेवा प्राप्त गर्न सहयोग गर्ने,
- सहायता कक्षबाट सम्पादन हुने सबै कार्यको दैनिक अभिलेख राख्ने,
- सेवाग्राहीलाई सेवा प्राप्त गर्नका लागि आवश्यक कागजातहरु रुजु गर्ने र नपुग कागजात पेश गर्न लगाई सबै कागजात पुरा भएपछि मात्र सम्बन्धित फाँट/शाखामा पठाउने,
- सेवाग्राहीलाई सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजातमा आवश्यक भएमा हुलाक टिकट उपलब्ध गराउने,
- कार्यालय, व्यक्ति तथा हुलाकद्वारा प्राप्त हुन आएका चिठी पत्रहरु बुझी तोकादेशको लागि पेश गर्ने,
- तोकादेश भई आएपछि चिठीपत्रहरु दर्ता गरी सम्बन्धित फाँट/कर्मचारीलाई बुझाउने,



कृष्ण प्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी

- कार्यालयबाट अन्यत्र पठाउने चिठीपत्रहरु चलानी गरी कार्यालयको छाप तथा सही गर्ने अधिकारीको छाप लगाई खामवन्दी गरी हुलाक दाखिला गर्ने/बुझाउने र सो को अभिलेख राख्ने,
- चिठीपत्रहरु पठाएका/बुझाएका रसिद तथा भरपाईहरु सुरक्षित राख्ने।

८. राष्ट्रिय परिचय पत्र शाखा (कोठा नं. २०२)

- राष्ट्रिय परिचय पत्र बनाउनका लागि पेश गरिएका फारामहरु जाँच/रुजु गर्ने,
- राष्ट्रिय परिचय पत्रको लागि आवेदन गर्ने आवेदकको Live Enrollment गर्ने,
- विभागबाट तयार भई आएका राष्ट्रिय परिचय पत्र सुरक्षित रुपमा राखी सम्बन्धित व्यक्तिलाई वितरण गर्ने,
- राष्ट्रिय परिचय पत्रसम्बन्धी अन्य काम गर्ने।

## ५. जिल्ला प्रशासन कार्यालय, बागलुङमा रहेका शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकृत | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|
| १ | प्रशासन तथा शान्ति सुरक्षा शाखा | स.प्र.जि.अ.नवराज बराल | प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्य |
| २ | नयाँ नागरिकता<br>प्रतिलिपी नागरिकता<br>नाबालक परिचय पत्र | प्र.अ.खिम बहादुर वि.क.<br>प्र.अ. नारायण कार्की | सहायक प्रमुख जिल्ला अधिकारी नवराज बराल |
| ३. | राहदानी शाखा<br>राष्ट्रिय परिचय पत्र शाखा | प्र.अ. खिम बहादुर वि.क.<br>प्र.अ. नारायण कार्की | |
| ४. | गुनासो सुनुवाई तथा विपद् व्यवस्थापन | प्र.अ. खिम बहादुर वि.क. | |
| ५. | मुद्दा तथा हातहतियार शाखा | प्र.अ. खिम बहादुर वि.क. | |
| ६. | आर्थिक प्रशासन शाखा | ले.पा. विमल श्रीस | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि |
|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | रु.१०।- को टिकट | प्रक्रिया पुगेकै दिन |
| २ | नागरिकताको प्रतिलिपि वितरण | रु.२०।- को टिकट | प्रक्रिया पुगेकै दिन |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | रु.१०।- को टिकट | |
| ४ | गैर आवासीय नेपाली नागरिकता | रु.१०।- को टिकट | प्रक्रिया पुगेकै दिन |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय बागलुङ



कृष्ण प्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि |
|---|---|---|---|
| ५ | विद्युतीय राहदानी फाराम संकलन | रु.२,५००।- नाबालक (५ वर्षसम्म)<br>रु. ५,०००।- साधारण | प्रक्रिया पुगेकै दिन |
| ६ | द्रूत सेवा अभिलेख प्रमाणित | – | प्रक्रिया पुगेकै दिन |
| ७ | राहदानी वितरण | – | तुरुन्त |
| ८ | गुनासो वा ठाडो उजुरी | रु.१०।-को टिकट | यथासिघ्र |
| ९ | नाम,थर उमेर आदि प्रमाणित | रु.१०।- को टिकट | प्रक्रिया पुगेकै दिन |
| १० | नाबालकको उमेर प्रमाणित | रु.१०।- को टिकट | प्रक्रिया पुगेकै दिन |
| ११ | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्बन्धी सिफारिस | रु.१०।- को टिकट | प्रक्रिया पुगेकै दिन |
| १२ | संस्था दर्ता | रु. १,०००।- | प्रक्रिया पुगेकै दिन |
| १३ | संस्था नवीकरण | रु. ५००।- | प्रक्रिया पुगेकै दिन |
| १४ | संस्थाको विधान संशोधन | रु.१०।- को टिकट | प्रक्रिया पुगेकै दिन |
| १५ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | रु.१०।- को टिकट | प्रक्रिया पुगेकै दिन |
| १६ | दलित, आदिवासी/जनजाति सिफारिस | रु.१०।- को टिकट | प्रक्रिया पुगेकै दिन |
| १७ | पत्रपत्रिका दर्ता | दैनिक रु.१,०००।-<br>साप्ताहिक रु.५००।-<br>पाक्षिक रु.३००।-<br>मासिक रु.२००।- | प्रक्रिया पुगेकै दिन |
| १८ | छापाखाना दर्ता | रु.१,०००।- | प्रक्रिया पुगेकै दिन |
| १९ | पिस्तोल, रिभल्वर वा मिनिएचर राइफल सहित अन्य राइफल प्रत्येकको इजाजतपत्र दस्तुर (जिल्लाभर) | रु. ५,०००।- | प्रक्रिया पुगेकै दिन |
| २० | पिस्तोल, रिभल्वर वा मिनिएचर राइफल सहित अन्य राइफल प्रत्यकको इजाजतपत्र दस्तुर (नेपालभर) | रु. ६,०००।- | प्रक्रिया पुगेकै दिन |
| २१ | टोटावाल बन्दुक वा मिनिएचर राइफल प्रत्येकको इजाजतपत्र दस्तुर (जिल्लाभर) | रु. ४,०००।- | प्रक्रिया पुगेकै दिन |
| २२ | टोटावाल बन्दुक वा मिनिएचर राइफल प्रत्येकको इजाजतपत्र दस्तुर (नेपालभर) | रु. ५,०००।- | प्रक्रिया पुगेकै दिन |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ



कृष्ण प्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि |
|---|---|---|---|
| २३ | पिस्तोल, रिभल्वर वा मिनिएचर राइफल सहित अन्य राइफल प्रत्यकको नविकरण दस्तुर (जिल्लाभर) | रु. ३,०००।- | प्रक्रिया पुगेकै दिन |
| २४ | पिस्तोल, रिभल्वर वा मिनिएचर राइफल सहित अन्य राइफल प्रत्यकको नविकरण दस्तुर (नेपालभर) | रु. ४,०००।- | प्रक्रिया पुगेकै दिन |
| २५ | टोटावाल बन्दुक वा मिनिएचर राइफल प्रत्येकको नविकरण दस्तुर (जिल्लाभर) | रु. २,०००।- | प्रक्रिया पुगेकै दिन |
| २६ | टोटावाल बन्दुक वा मिनिएचर राइफल प्रत्येकको नविकरण दस्तुर (नेपालभर) | रु. ३,०००।- | प्रक्रिया पुगेकै दिन |
| २७ | हातहतियार नामसारी | रु.१,०००।- | प्रक्रिया पुगेकै दिन |
| २८ | हातहतियार (हावादारी बन्दुक) जिल्ला भित्रको नवीकरण | रु.१०००।- | प्रक्रिया पुगेकै दिन |
| २९ | हातहतियार (भरुवा बन्दुक) जिल्ला भित्रको नवीकरण | रु.१५००।- | प्रक्रिया पुगेकै दिन |
| ३० | हातहतियार (हावादारी बन्दुक) नेपाल भरको नवीकरण | रु.१५००।- | प्रक्रिया पुगेकै दिन |
| ३१ | हातहतियार (भरुवा बन्दुक) जिल्ला भित्रको नवीकरण | रु.२०००।- | प्रक्रिया पुगेकै दिन |
| ३२ | अन्य बन्दुक जिल्ला भित्रको नवीकरण | रु.२०००।- | प्रक्रिया पुगेकै दिन |
| ३३ | अन्य बन्दुक नेपाल भरको नवीकरण | रु. ३०००।- | प्रक्रिया पुगेकै दिन |
| ३४ | नाम,थर जन्म मिति संशोधन | रु.२०।- को टिकट | प्रक्रिया पुगेकै दिन |
| ३५ | नाता प्रमाणित | रु.१०।—को टिकट | प्रक्रिया पुगेकै दिन |
| ३६ | शान्ति सुरक्षा सम्बन्धी | रु.१०।—को टिकट | कानून वमोजिम |
| ३७ | अख्तियार दुरुपयोग सम्बन्धी मुद्दा | रु.१०।— को टिकट | यथासिघ्र |
| ३८ | अन्य मुद्दा | रु.१०।— को टिकट | यथासिघ्र |
| ३९ | विष्फोटक पदार्थ ईजाजत—पत्र | रु. १०००।- | यथासिघ्र |
| ४० | विष्फोटक पदार्थ ईजाजत—पत्र नविकरण | रु. १०००।— | प्रक्रिया पुगेकै दिन |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

कृष्ण प्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

### ७.१ निर्णय गर्ने प्रक्रिया

सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवम् सूचनाको हक सम्बन्धी ऐन, २०६४ लगायत प्रचलित कानून बमोजिम।

### ७.२ निर्णय गर्ने अधिकारी

- प्रमुख जिल्ला अधिकारी।
- सहायक प्रमुख जिल्ला अधिकारी/प्रशासकीय अधिकृतः प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रचलित कानून बमोजिम।

## ९. सम्पादन गरेको मुख्य मुख्य कामको विवरण

सेवाप्रवाह सम्बन्धी विवरण (२०८३ वैशाख १ देखि २०८३ असार मसान्तसम्मको)

| प्रशासन शाखा | | | |
|---|---|---|---|
| क्र.सं. | सम्पादित प्रमुख कार्यहरु | परिमाण | कैफियत |
| १ | पेन्सन सिफारिस | ३१२ | |
| २ | अन्य सिफारिस | २४४ | |
| ३ | नाबालिग परिचयपत्र वितरण | १९८ | |
| ४ | जिल्लामा घटेका आपराधिक घटनाहरु | ८२ | |
| ५ | विभिन्न उजुरी दर्ता र कारवाही | ० | |
| ६ | जिल्ला सुरक्षा समितिको बैठक | ८ | |
| ७ | कार्यालय प्रमुख बैठक | ३ | |
| ८ | बजार अनुगमन | ७ | |
| ९ | जिल्ला स्थित सरकारी कार्यालय अनुगमन | २ | |
| १० | जिल्लामा विशिष्ट व्यक्तिको भ्रमण | १२ | |
| ११ | कारागारमा रहेका कैदी बन्दीको संख्या | १५१ | |
| १२ | हातहतियार इजाजत | ० | |
| १३ | हातहतियार नविकरण | ४६ | |
| १४ | हातहतियार नामसारी | ० | |
| मुद्दा शाखा | | | |
| १ | चालु आ.व.मा दर्ता भएका मुद्दा | ६२ | |
| २ | चालु आ.व.मा दर्ता भएका मुद्दाको फछ्र्यौट | ३६ | |
| ३ | संघ संस्था दर्ता | ६ | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय बागलुङ



कृष्ण प्रसाद आचार्य प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ४ | संघ संस्था नविकरण | २५ | |
| | नागरिकता शाखा | | |
| क.सं. | सम्पादित प्रमुख कार्यहरु | परिमाण | कैफियत |
| १ | नयाँ नागरिकता वितरण | १५८९ | |
| २ | प्रतिलिपि नागरिकता वितरण | १११० | |
| ३ | वैवाहिक अङ्गिकृत नागरिकता वितरण | ३ | |
| ४ | गैर आवासिय नेपाली नागरिकता वितरण | २ | |
| ५ | नागरिकता डाटा सुधार | ६८८ | |
| ६ | पुरानो नागरिकता प्रविष्टि | ८२ | |
| ७ | नागरिकता अपडेट विवरण | १६२ | |
| ८ | पुरानो प्रतिलिपि ईन्ट्री | ० | |
| ९ | नागरिकता स्थिति अपडेट | ५ | |
| | राहदानी शाखा | | |
| क.सं. | सम्पादित प्रमुख कार्यहरु | परिमाण | कैफियत |
| १ | राहदानी सिफारिस | १५७२ | |
| २ | राहदानी वितरण | १६६२ | |
| | आर्थिक प्रशासन शाखा | | |
| क.सं. | सम्पादित प्रमुख कार्यहरु | परिमाण | कैफियत |
| १ | राजस्व संकलन | १,१९,९०,८३५/- | |
| २ | वैदेशिक रोजगार क्षतिपूर्ति | १,८५,९९,८४१.७८ | |
| ३ | विपद् राहत (आगजनी, चटयाङ, वर्षा) | ३१,८५,०००/- | |
| ४ | विपद्‌बाट मृत्यु भएका परिवारलाई राहत | २,००,०००/- | |
| ५ | सवारी दुर्घटनाका पीडितलाई राहत | ०/०० | |
| ६ | द्वन्द्व पीडितलाई राहत | ६,४८,०००/ | |
| | राष्ट्रिय परिचयपत्र शाखा | | |
| क.सं. | सम्पादित प्रमुख कार्यहरु | परिमाण | कैफियत |
| १ | राष्ट्रिय परिचयपत्रको विवरण संकलन | ३५०५ | |
| २ | राष्ट्रिय परिचयपत्र वितरण | १८४३ | |

## शान्ति सुरक्षा तथा अपराध नियन्त्रण सम्बन्धी कार्यहरु

### जिल्ला सुरक्षा समितिको बैठक सञ्चालन

प्रत्येक महिना अनिवार्य रुपमा दुई पटक तथा आवश्यकता अनुसार जिल्ला सुरक्षा समितिको बैठक बसी शान्ति सुरक्षा र अपराध नियन्त्रणका विविध विषयहरुमा छलफल गरी निर्णय भए अनुसार कार्यान्वयन हुँदै आएको छ। यस आ.व. को तेस्रो त्रैमासिकमा ८ पटक जिल्ला सुरक्षा समितिको बैठक बसी महत्वपूर्ण निर्णय गरिएको।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

कृष्ण प्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी

## अन्तर जिल्ला सुरक्षा समन्वय बैठक सञ्चालन

जिल्लासँग सिमाना जोडिएका जिल्लाहरुसँग अन्तरजिल्ला सुरक्षा समन्वय बैठक बसी एकआपसमा भएका असल अभ्यासहरु तथा भोगिएका साझा समस्याहरुका बारेमा छलफल गरी आपसी समन्वय र समझदारीमा साझा समस्या तथा चुनौतिहरु समाधान गर्ने गरी समझदारी गरिएको छ।

## विपद् व्यवस्थापन सम्बन्धी कार्यहरु

- प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको गठन भएको।
- बागलुङ जिल्लाका सबै स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समितिको गठन भएको।
- प्रत्येक ३/३ महिनामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी विपद् न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा छलफल तथा अन्तरक्रिया हुने गरेको।
- प्रत्येक ३/३ महिनामा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई चलायमान बनाउन समन्वय बैठक आवश्यक समन्वय र सहजीकरण गर्ने गरेको।
- विपद्का समयमा उद्धार तथा राहत वितरण कार्यलाई प्रभावकारी ढंगबाट सञ्चालन गरेको।
- सहायक प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् सहायता कक्ष (DDHD) स्थापना भई कार्य सञ्चालन भएको।
- सबै स्थानीय तहमा स्थानीय विपद् सहायता कक्ष (LDHD) को स्थापना भई कार्य सञ्चालन भएको।
- विपद्मा परी ज्यान गुमाउनेको परिवारलाई तत्काल क्षतिपूर्ति स्वरुप राहत रकम उपलब्ध गराउने गरिएको।
- आ.व.२०८२/८३ को साउन महिनादेखि असार महिनासम्ममा बाढी पहिरो, हावाहुरी, आगलागी लगायतका विपद्का घटनाबाट प्रभावित परिवारलाई खोज उद्धार तथा राहत वितरणका कार्यहरु भएको।
- "मनसुन, शीत लहर, आगलागी, चटयाङ, महामारी, आँधी प्रतकार्य आपत्कालीन कार्ययोजना, २०८३" तयार गरी कार्यान्वयनमा रहेको।
- बागलुङ जिल्लामा घट्न सक्ने विपद्जन्य घटनाहरुको प्रभावकारी पूर्व तयारी तथा उद्दार गर्न "Quick Response Team (QRT)/ Incident Response Team(IRT) परिचालन योजना-२०८३" तयार पारी कार्यन्वयनमा ल्याईएको।
- "राजमार्ग (सडक) अवरोध रहित सञ्चालन गर्न तयार पारिएको कार्ययोजना र रोष्टर निर्माण, २०८३" तयार गरी कार्यान्वयनमा रहेको।

## सुशासन सम्बन्धी कार्यहरु

यस कार्यालयबाट भएका सुशासन सम्बन्धी कार्यहरु निम्नानुसार रहेका छन्:-

- मासिक कार्यालय प्रमुख बैठक मार्फत् यस कार्ययोजना कार्यान्वयन प्रगति अवस्था समीक्षा तथा अझ प्रभावकारी कार्यान्वयनका लागि साझा रणनीति तर्जुमा तथा कार्यान्वयन हुँदै गएको।
- प्रत्येक महिना कर्मचारी बैठक बसी सार्वजनिक सेवा प्रवाह सम्बन्धी छलफल तथा प्रमुख जिल्ला अधिकारीबाट कर्मचारीहरुलाई आवश्यक निर्देशन हुने गरेको।
- अभिलेख व्यवस्थापनमा सूचना प्रविधिको उपयोग गर्ने गरिएको।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय बागलुङ

कृष्ण प्रसाद आचार्य प्रमुख जिल्ला अधिकारी

- पुराना अभिलेखहरुलाई व्याण्डिङ गरी व्यवस्थित गरिएको।
- कार्यालयको सेवा प्रवाहको लेआउट मिलाउने काम भईरहेको।
- कार्यालयको भौतिक संरचनामा सुधार गरी अपाङ्गता भएका व्यक्ति मैत्री बनाउने।
- विद्युतीय हाजिरीको व्यवस्था गरिएको।

**जनमैत्री कार्यालय व्यवस्थापन**

**Free WiFi स्थापना:** सेवाग्राहीका लागि Free WiFi को व्यवस्था गरिएको छ।

**स्तनपान कक्ष:** कार्यालयमा आउने सेवाग्राहीको लागि स्तनपान कक्षको स्थापना गरिएको।

**अपाङ्गमैत्री शौचालय तथा प्रतिक्षालय निर्माण:** अपाङ्गता भएका व्यक्तिहरुलाई सरल र सहज शौचालयको प्रयोगका लागि अपाङ्गमैत्री शौचालय तथा सेवाग्राहीको लागि प्रतिक्षालयको निर्माण गरिएको छ।

**अपाङ्गता भएका व्यक्तिका लागि ह्वीलचियरको व्यवस्था:** अपाङ्गता भएका सेवाग्राहीहरुलाई सेवा लिन तथा शौचालय जान सहजताका लागि ह्वीलचियरको व्यवस्था गरी प्रयोगमा ल्याइएको छ।

**लाइब्रेरीको सञ्चालन:** जिल्ला प्रशासन कार्यालयमा सेवा लिन आउने सेवाग्राहीको सुविधालाई मध्यनजर राखी जिल्ला प्रशासन कार्यालयबाट हुने सेवा प्रवाहसँग सम्बन्धित केही ऐन, नियमावली, परिपत्र, निर्देशिका, पत्र पत्रिका तथा अन्य समसामयीक पुस्तकहरु राखी सामान्य लाइब्रेरी सञ्चालन भएको छ।

**गुनासो व्यवस्थापन:** गुनासो पेटिका संचालनमा ल्याईएको। कार्यालयको सेवाप्रवाहसँग सम्बन्धित गुनासो तथा सुझाब दिनको लागि सबैले सजिलै देख्ने ठाउँमा एउटा गुनासो पेटिका राखी संचालनमा ल्याइएको छ। उक्त पेटिकामा राखिएका गुनासो तथा सुझावहरु प्रत्येक महिना खोल्ने गरी व्यवस्थापान गरिएको छ। सेवा प्रवाहसँग सम्बन्धित गुनासोलाई सम्बोधन गर्ने उद्देश्यले नायब सुब्बा राम प्रसाद उपाध्यायलाई गुनासो सुन्ने कर्मचारीको रुपमा तोकी गुनासो टिपोटको लागि छुट्टै मोवाइल नं. ९८५७६८९३३३ र ईमेल gunaso.baglungprasasan@gmail.com को व्यवस्था गरिएको छ। उक्त मोवाइल तथा इमेल मार्फत प्राप्त गुनासोलाई प्राथमिकताको आधारमा सम्बोधन गर्ने गरिएको।

**सेडको व्यवस्थापन:** राहदानी शाखा, अभिलेख शाखा, राष्ट्रिय परिचयपत्र शाखा, मुद्दा शाखा तथा नागरिकता प्रतिलिपि शाखा बाहिर सेवाग्राही लाइनमा बस्ने ठाउँमा घाम पानी छेक्ने गरी करिव १५० जना सेवाग्राही अट्ने गरी सेड निर्माण गरिएको छ।

**पावर व्याकअपको व्यवस्था:** कार्यालयमा ईन्भर्टर तथा व्यट्रिको व्यवस्था गरी विद्युत आपुर्तिलाई नियमित गरिएको।

**कार्यालयका पुराना तथा काम नलाग्ने कागजात धुलाई:-** कार्यालयमा रहेका अति पुराना तथा काम नलाग्ने कागजातहरु समय समयमा धुलाउने काम गरिएको।

**लिलाम विक्रि:-** काम नलाग्ने, मर्मत गर्दा धेरै खर्च लाग्ने तथा मर्मत समेत नहुने सामानहरुको कानुन बमोजिम लिलाम बिक्री गरिएको।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय बागलुङ

कृष्ण प्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी

नियमित सरसफाइ तथा हरियाली व्यवस्थापनः कार्यालय परिसरलाई सफा र हराभरा बनाउने उद्देश्यले हरेक शुक्रबार अभियानकै रुपमा सरसफाई कार्यक्रम सञ्चालन गरिएको छ भने सिजन अनुसारको फुलका विरुवाहरु लगाई कार्यालयको प्राकृतिक सुन्दरतालाई बढाउने काम भएको छ।

**रुग्ण विकास आयोजनाहरुको कार्य सूचारु तथा कानूनी कार्वाही**

बागलुङ जिल्लामा सञ्चालित विकास आयोजनाहरु मध्ये लामो समयदेखि निर्माण सम्पन्न नभई अलपत्र रहेका विकास आयोजनाहरु मध्ये अधिकांश आयोजनाका कार्यहरु सूचारु गर्न कार्यालय प्रमुखहरुलाई निर्देशन गरिएको। सम्बन्धित आयोजना प्रमुख र निर्माण व्यवसायीलाई बोलाइ छलफल गरी तत्काल कार्य संचालन गर्न निर्देशन दिएको साथै कार्य सम्पादन गर्न आयोजनालाई विशेष सहजीकरण गरिएको।

## १०. कार्यालय प्रमुख, सूचना अधिकारीको नाम र पद

✓ कार्यालय प्रमुख :

- नाम : कृष्णप्रसाद आचार्य
- पद : प्रमुख जिल्ला अधिकारी
- सम्पर्क न. : ९८५७६०७७७७

✓ सूचना अधिकारी :

- नाम : नवराज बराल
- पद : सहायक प्रमुख जिल्ला अधिकारी
- सम्पर्क न : ९८५७६३४४४४
- ईमेल : daobaglung@moha.gov.np

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाहरुको सूची

- नेपालको संविधान
- स्थानीय प्रशासन ऐन, २०२८
- नागरिकता ऐन, २०६३ र नियमावली, २०६३
- हातहतियार तथा खरखजाना ऐन, २०१९ तथा नियमावली, २०२८
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ तथा नियमावली, २०७४
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४, नियमावली, २०६५
- राहदानी ऐन, २०७६ नियमावली, २०७७
- उपभोक्ता संरक्षण ऐन, २०७५
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६
- लागू औषध (नियन्त्रण) ऐन, २०३३
- जग्गा प्राप्ति ऐन, २०३४ र नियमावली २०३४
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय बागलुङ

कृष्णप्रसाद आचार्य प्रमुख जिल्ला अधिकारी

- गृह प्रशासन सुधार कार्ययोजना, २०७८
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ नियमावली २०६५
- नागरिकता प्रमाण पत्र वितरण कार्यविधि निर्देशिका, २०६३
- प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४
- रासायनिक पदार्थको आयात, ओसारपसार, सञ्चय, प्रयोग सम्बन्धी इजाजत प्रदान गर्ने कार्यविधि, २०७३
- राजमार्ग (सडक) मा हुने अवरोध हटाउने सुरक्षा कारवाहीको कार्यविधि, २०७५
- मानवरहित हवाई उपकरण (Remotely Piloted Aircraft (RPA) Popularly Known as 'DRONE') उडान सम्बन्धी कार्यविधि, २०७५
- सि.सि.टि.भि. (Closed Circuit TV) जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२
- विस्फोटक पदार्थ आयात, ओसारपसार, सञ्चय, प्रयोग सम्बन्धी इजाजत प्रदान गर्ने कार्यविधि, २०७३

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण**

मिति २०८३ वैशाख १ गते देखि २०८३ असार मसान्तसम्मको यस कार्यालयको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण निम्नानुसार रहेको छ:-

| क्र.सं. | सम्पादित प्रमुख कार्यहरु | | रुपैया | कैफियत |
|---|---|---|---|---|
| १ | राजस्व संकलन | | १,१९,९०,८३५/- | |
| २ | क्षतिपूर्ति तथा राहत वितरण | वैदेशिक रोजगार क्षतिपूर्ति | १,८५,९९,८४१.७८ | |
| | | विपद् राहत (आगजनी, चटयाङ, वर्षा) | ३१,८५,०००/- | |
| | | विपद्बाट मृत्यु भएका परिवारलाई राहत | २,००,०००/- | |
| | | सवारी दुर्घटनाका पीडितलाई राहत | ०/०० | |
| | | द्वन्द्व पीडितलाई राहत | ६,४८,०००/- | |

१३. अन्य विवरणहरु

नभएको।

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण**

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३० बमोजिम जिल्ला प्रशासन कार्यालय, बागलुङको आयोजनामा मिति २०८३ असार १२ गते बागलुङ जिल्ला ताराखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा जिल्ला प्रशासन कार्यालय, बागलुङको आयोजनामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको। उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा प्रमुख जिल्ला अधिकारीको अध्यक्षता, गलकोट नगरपालिका, वडा नं. १ का वडा अध्यक्ष श्री लाल बहादुर रानाको प्रमुख आतिथ्यता, वडा सदस्यहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, स्थानीय तहका जनप्रतिनिधिहरु, पत्रकार, शिक्षक, विद्यार्थी, नागरिक समाज लगायतका करिब ७९ जनाको

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय बागलुङ

कृष्ण प्रसाद आचार्य प्रमुख जिल्ला अधिकारी

उपस्थिति रहेको थियो। सार्वजनिक सुनुवाई कार्यक्रममा जिल्ला प्रशासन कार्यालय बागलुङबाट हुने सेवा प्रवाहका सम्बन्धमा सहायक प्रमुख जिल्ला अधिकारी नवराज बरालले प्रस्तुतीकरण गर्नु भएको थियो भने सेवा प्रवाहका विषयमा सहभागीहरुद्वारा सोधिएका प्रश्नहरुको जवाफ तथा जिज्ञासा समाधान गर्नु भएको थियो।

सहायक प्रमुख जिल्ला अधिकारी नवराज बराल ज्यूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, स्थानीय तहका जनप्रतिनिधिहरु, पत्रकार, शिक्षक, विद्यार्थी, नागरिक समाज लगायतका करिब ७९ जनाको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा जिल्ला प्रशासन कार्यालय बागलुङबाट हुने सेवा प्रवाहका सम्बन्धमा सहायक प्रमुख जिल्ला अधिकारी नवराज बरालज्यूले प्रस्तुतीकरण गर्नु भएको थियो भने सेवा प्रवाहका विषयमा सहभागीहरुद्वारा सोधिएका प्रश्नहरुको जवाफ तथा जिज्ञासा समाधान गर्नु भएको थियो। समग्रमा गलकोट नगरपालिका, १ नं. वडा कार्यालय, दुदिलाभाटीमा संचालन भएको सार्वजनिक सुनुवाई कार्यक्रम उपलब्धिमूलक रहेको अनुभूति प्राप्त भयो।

**१५. जिल्ला प्रशासन कार्यालय, बागलुङको वेभसाईट सम्बन्धी विवरण**

जिल्ला प्रशासन कार्यालयको Website URL: https://daobaglung.moha.gov.np

जिल्ला प्रशासन कार्यालयको Facebook Page: https://www.facebook.com/baglungprasasan

कार्यालयका समग्र गतिविधि तथा दस्तावेजहरु तत्कालै कार्यालयको वेव साइट तथा फेसबुकमा राखी नियमित अद्यावधिक गर्ने गरिएको छ। माथि उल्लेख भए अनुसारका सबै दस्तावेजहरु यस कार्यालयको वेव साइटमा उपलव्ध छ।

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**

नभएको।

**१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

कार्यसम्पादन मूल्याङ्कनसँग सम्बन्धित विविध कार्यक्रम संचालन भएको।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी**

**सार्वजनिक निकायले प्रवाह नगरी संरक्षण गरी राख्नु पर्ने सूचनाहरु**

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) बमोजिम हरेक सार्वजनिक निकायमा रहेको निम्न विषयको सूचना प्रवाह नगरी संरक्षण गरी राख्नु पर्छ।

- ✓ नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने सूचना।
- ✓ अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने सूचना।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

कृष्णप्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी

✓ आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैङ्किङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने सूचना।

✓ विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने सूचना।

✓ व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने सूचना।

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको, विषय**

आ.व. २०८२/०८३ को चौथो त्रैमासिक अवधिमा सूचनाको हक अन्तरगत यस कार्यालयमा निवेदन मार्फत माग गरिएका सूचनाहरु प्राप्त नभएको र सूचना माग भई आएका वखत कानून बमोजिम सूचना उपलब्ध गराउने गरिएको।

**२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

जिल्ला प्रशासन कार्यालय बागलुङकोको वेभसाइट https://daobaglung.moha.gov.np मा कार्यालयका सूचनाहरु प्रकाशन गरिएको छ। कार्यालयको गतिविध सम्बन्धी र सेवा प्राप्तिका लागि आवश्यक कागजात सम्बन्धी अडियो/भिडियो सामग्री रहेको छ। साथै कार्यालयको Facebook Page: https://www.facebook.com/baglungprasasan मा पनि सूचना प्रकाशन गरिन्छ। आवश्यकता अनुसार सूचनाहरु पत्रपत्रिका/बुलेटिन तथा हाते पुस्तक निर्माण गरी प्रकाशन गर्ने गरिएको छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

कृष्ण प्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी